## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम सबै सार्वजनिक निकायहरूले सार्वजनिक गर्नुपर्ने विवरणहरू

अवधि- २०८२/१०/०१ देखि २०८२/१२/३० सम्म

(तेस्रो त्रैमासिक अवधी)

# स्वत प्रकाशनः Pro-active disclosure

**प्रकाशक**

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

इलाम

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ को धारा ३०२ (१) मा प्रदेश र स्थानिय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्षमा तथा कर्मचारी समायोजन ऐन २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थापन सर्भेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानको अनुसूची ५,६,७,८ तथा ९ मा उल्लेख अधिकार सूचीको कार्य जिम्मेवारी विस्तृतीकरण गरी तत्कालिन प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय अन्तर्गत प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रदेश नं १ मा ११ वटा कृषि ज्ञान केन्द्रको स्थापना गर्ने गरी संगठन संरचना मिति २०७५/०३/२६ मा स्वीकृत भएको हो । हाल आएर कृषि ज्ञान केन्द्रको कार्यालय सबै जिल्लामा रहेको छ । कृषि ज्ञान केन्द्र, इलाम स्थापना औपचारिक रुपमा मिति २०७५/०७/०५ गते भई कार्य सञ्चालन गर्दै आएको हो । प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालयको मातहतमा रहने गरी कृषि ज्ञान केन्द्र इलामको स्थापना भएको हो ।हाल आएर कृषि ज्ञान केन्द्र, इलाम मातहतमा तालिम तथा प्रसार शाखा, विशेषज्ञ सेवा शाखा, अध्ययन परीक्षण तथा तथ्यांक शाखा, प्रशासन शाखा र फार्म व्यवस्थापन शाखा सहित पाँच वटा शाखाहरु रहेको छ । हाल कृषि ज्ञान केन्द्र ,इलामको कार्य विवरणहरू कोशी प्रदेश, प्रदेश सरकारको सोच,नीति तथा कार्यक्रम आवश्यकता तथा औचित्यका आधारमा कृषि ज्ञान केन्द्रको कार्य विवरण तोकिएको छ।

हाल कृषि ज्ञान केन्द्र ,इलामले १० वटा स्थानीय निकायको कृषि विकास शाखासँग समन्वय गरी कृषकहरूलाई कृषि प्रसार तथा अन्य प्राविधिक सेवाहरू पर्याईरहेको छ। कृषि ज्ञान केन्द्रका कार्यक्रमहरू सञ्चालन गर्दा नेपाल सरकारको दीर्घकालीन कृषि योजना र कृषि विकास रणनीतिको मूल अवधारणा र कोशी प्रदेश सरकारको कृषि नीति अनुसार प्राथमिकता प्राप्त क्षेत्रहरू विभिन्न कार्यक्रमहरू समूह पद्धतिमा सञ्चालन गर्दै आएको छ। व्यवसायिक र प्रतिस्पर्धात्मक रुपमा कृषिमा अग्रणी मानिएको, इलाम जिल्लालाई कार्यालयले"हरित कृषि इलामको समृद्धी"भन्ने नाराका साथ कृषि विकास र किसानको समुन्नतीसँग सम्बन्धित रहेर कार्यक्रमहरू अगाडि बढाईरहेको छ।

## २. निकायको काम, कर्तव्य र अधिकार

- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परीक्षण तथा भ्यालिडेशन परीक्षण संचालन गर्ने।
- नविनतम कृषि प्रविधिहरू किसान समक्ष प्रसार गर्ने।
- माटो तथा मल, बाली संरक्षण र बीउ बिजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने।
- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने।
- स्थानीय तहको क्षमताले सम्पादन गर्न नसक्ने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा प्रदान गर्ने।
- प्रादेशिक तथा संघीय कृषि विकासका कार्यक्रमहरूलाई आम किसान समक्ष पुऱ्याउने।
- व्यवसाय विकास सेवा उपलव्ध गराउने।
- खाद्य वस्तुको आन्तरिक माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्व बढाउने।
- निर्वाहमुखी र परम्परागत कृषि पद्धतिलाई परिवर्तन गरी व्यावसायिक, प्रतिस्पर्धात्मक र आधुनिकीकरणतर्फ उन्मुख गराउने।

प्रमुख

- भौगोलिक क्षेत्र अनुसार  तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा एकिकृत कृषि विकासका कार्यक्रमहरू संचालन गरी ग्रामिण गरिबी निवारण मार्फत किसानहरूको जीवनस्तरमा सुधार ल्याउने।
- राष्ट्रिय कृषि निति-२०६१, कृषि विकास रणनिति (२०१५-२०३५), कोशी प्रदेश सरकार र संघीय सरकारका आवधिक योजनाहरूमा उल्लेख गरिएका कृषि विकासका लक्ष्य हासिल गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस कार्यालयमा वरिष्ठ कृषि अधिकृत प्रमुख रहने गरी कृषि अधिकृत समूहकृत (सातौं),सहायक कृषि अधिकृत समूहकृत (छैठौं), प्रा.स., लेखापाल, खरिदार गरी कूल १४ जना स्थायी कर्मचारीहरूको दरवन्दी रहेको छ । यसका अलावा कार्यालय सहयोगी, ह.स.चा र हे.स.चा लगायत अन्य ५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ । उनीहरूको कार्यविवरण तोकिए बमोजिम रहेको छ।

## ४. निकायबाट प्रदान गरिने सेवा

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यान्वयन इकाईको रूपमा काम गर्ने।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेशन परीक्षण सञ्चालन गर्ने ।
- स्थानीय तहसँग समन्वय गरी कृषि सम्बन्धी तथ्यांक संकलन तथा संम्प्रेषण गर्ने ।
- विभिन्न वालीहरूको अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप ,मौसम प्रतिकुलता आदिवाट देखापर्ने समस्याको क्षतिको विवरण संकलन तथा संम्प्रेषण गर्ने ।
- विषादी बीउ बिजन रसायनिक तथा प्राङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपुर्ति व्यवस्था बारे नियमित अनुगमन समन्वय गर्ने।
- माटो तथा मल ,वालीसंरक्षण र वीउविजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा सञ्चालन गर्ने।
- व्यवसायिक कृषक र व्यवसायिहरूको लागि कृषिसँग सम्बन्धित तालिमहरू सञ्चालन गर्ने ।
- स्थानीयतहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने ।
- स्थानीय किसान कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नविनतम कृषि प्रविधिका श्रव्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने ।
- स्थानीय कृषि जैविक विविधताको पहिचान संरक्षण र उपयोग सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्याउने ।
- वीउ विजन तथा उन्नत नश्लको लागि स्रोतकेन्द्र विकासमा सहयोग गर्ने ।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यान्वयन समन्वय तथा सहजिकरण गर्ने ।
- कृषि स्नातक तथा जे.टि/.जे.टि.ए .कोर्ष अध्ययनरत बिद्यार्थीहरूका लागि इन्टर्नशीप कार्यक्रम संचालनमा सहयोग गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।
- वाली वीमा तथा सहुलियत ब्याजदरको कृषि कर्जा कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजिकरण गर्ने।
- महामारी/क्षतिपूर्ति/राहत र प्राकृतिक प्रकोपको कारण क्षति भएको कृषिधनको क्षति विवरण संकलन र पुनर्स्थापनाका कार्यहरू गर्ने/ गराउने।

प्रमुख

- भौगोलिक क्षेत्र अनुसार तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा एकिकृत कृषि विकासका कार्यक्रमहरू संचालन गरी ग्रामिण गरिबी निवारण मार्फत किसानहरूको जीवनस्तरमा सुधार ल्याउने।
- राष्ट्रिय कृषि निति-२०६१, कृषि विकास रणनिति (२०१५-२०३५), कोशी प्रदेश सरकार र संघीय सरकारका आवधिक योजनाहरूमा उल्लेख गरिएका कृषि विकासका लक्ष्य हासिल गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस कार्यालयमा वरिष्ठ कृषि अधिकृत प्रमुख रहने गरी कृषि अधिकृत समूहकृत (सातौं),सहायक कृषि अधिकृत समूहकृत (छैठौं), प्रा.स., लेखापाल, खरिदार गरी कूल १४ जना स्थायी कर्मचारीहरूको दरवन्दी रहेको छ । यसका अलावा कार्यालय सहयोगी, ह.स.चा र हे.स.चा लगायत अन्य ५ जना कर्मचारीहरूको दरवन्दी रहेको छ । उनीहरूको कार्यविवरण तोकिए बमोजिम रहेको छ।

## ४. निकायबाट प्रदान गरिने सेवा

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम संचालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यान्वयन इकाईको रूपमा काम गर्ने।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेशन परीक्षण सञ्चालन गर्ने ।
- स्थानीय तहसँग समन्वय गरी कृषि सम्बन्धी तथ्यांक संकलन तथा संम्प्रेषण गर्ने ।
- विभिन्न वालीहरूको अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप ,मौसम प्रतिकुलता आदिवाट देखापर्ने समस्याको क्षतिको विवरण संकलन तथा संम्प्रेषण गर्ने ।
- विषादी बीउ बिजन रसायनिक तथा प्राङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपुर्ति व्यवस्था बारे नियमित अनुगमन समन्वय गर्ने।
- माटो तथा मल ,वालीसंरक्षण र वीउविजन परीक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा सञ्चालन गर्ने।
- व्यवसायिक कृषक र व्यवसायिहरूको लागि कृषिसँग सम्बन्धित तालिमहरू सञ्चालन गर्ने ।
- स्थानीयतहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने ।
- स्थानीय किसान कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नविनतम कृषि प्रविधिका श्रव्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने ।
- स्थानीय कृषि जैविक विविधताको पहिचान संरक्षण र उपयोग सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्याउने ।
- वीउ विजन तथा उन्नत नश्लको लागि स्रोतकेन्द्र विकासमा सहयोग गर्ने ।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यान्वयन समन्वय तथा सहजिकरण गर्ने ।
- कृषि स्नातक तथा जे.टि/.जे.टि.ए .कोर्ष अध्ययनरत बिद्यार्थीहरुका लागि इन्टर्नशीप कार्यक्रम संचालनमा सहयोग गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरूको लागि व्यवसाय विकास सेवा उपलब्ध गराउने।
- वाली वीमा तथा सहुलियत ब्याजदरको कृषि कर्जा कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजिकरण गर्ने।
- महामारी/क्षतिपूर्ति/राहत र प्राकृतिक प्रकोपको कारण क्षति भएको कृषिधनको क्षति विवरण संकलन र पुनर्स्थापनाका कार्यहरू गर्ने/ गराउने।

प्रमुख

- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तहबिच समन्वयको काम गर्ने।
- कृषि क्षेत्रसँग सम्बन्धित ऐन ,कानून ,नीति तथा नियमले श्रृजना गरेका कानूनी दायित्वहरू निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

- तालिम तथा प्रसार शाखा- कृषि प्रसार अधिकृत
- अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा- कृषि प्रसार अधिकृत
- विशेषज्ञ सेवा शाखा- बागवानी विकास अधिकृत
- फार्म व्यवस्थापन शाखा- बागवानी विकास अधिकृत
- प्रशासन शाखा- सहायक लेखा अधिकृत/लेखापाल (पाँचौ), खरिदार

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

- सामान्यतया निवेदन साथ रु. १० को हुलाक टिकट
- अन्य अवस्थामा तोकिए बमोजिम
- अवधी- सामान्यतया तत्कालै
- अनुदान वितरण लगायतका कृयाकलापहरूमा तोकिए बमोजिम

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

निवेदन, उजुरी लगायतका गुनासाहरू कार्यालयको सुझाव पेटिका मार्फत वा कार्यालयमा सिँधै आएर वा कार्यालयको इमेल फेसबुक वाट्सएप वा अन्य सामाजिक संजालको माध्ययमबाट पनी दिन सकिन्छ । त्यस्ता उजुरी वा निवेदन उपर कार्यालय प्रमुखद्वारा आवश्यक निर्णय लिइन्छ र सोको जानकारी सम्पर्क गर्ने माध्यम सहितका गुनासाहरूको हकमा गुनासो वा उजुरीकर्तालाई समेत जानकारी गराइन्छ । यस निर्णय उपर चित्त नबुझेमा कृषि विकास निर्देशनालय, विराटनगरका निर्देशक समक्ष पुनरावेदन गर्न सकिनेछ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कृषि ज्ञान केन्द्रका प्रमुख ।

## ९. सम्पादन गरेको कामको विवरण

- जिल्ला स्तर कृषक तालिम - जिल्ला स्तरीय कृषक तालिम कार्यक्रम अन्तर्गत इलाम जिल्लाका १० वटै स्थानिय तहबाट १६ जना सुन्तलाजात फलफूल कृषकको सहभागितामा ३ दिवसीय तालिम संचालन गरियो।
- स्थानीय हाटबजारको पाक्षिक खुद्रा मूल्य संकलन अन्तर्गत पाक्षिक रूपमा जिल्लास्थित हाटबाजहरहरूका कृषि बालीहरूको मूल्य संकलन गरिएको।
- माटो परिक्षण शिविर संचालन तथा माटो सुधारका लागि कृषि चुन र हरियो मल प्रवर्द्धन कार्यक्रम अन्तर्गत देउमाई नगरपालिकाको समन्वयनमा माटो परिक्षण शिविर संचालन गरिएको र करिब १०० जना कृषकहरूको माटोको नमूना परिक्षण गरिएको।

प्रमुख

- विद्यालयका विद्यार्थीसँग कृषि शिक्षा कार्यक्रम सन्दकपुर गाउँपालिका वडा न ०३ स्थित सरस्वति मा वि का कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थिलाई कृषि शिक्षाको महत्व क्षेत्र तथा विषादि र यसका प्रतिकुल असर बारे जानकारी गराइयो।
- स्थानीय तहमा कार्यरत प्राविधिकसँग विभिन्न विषयवस्तुहरू उपर चैत्र २० गते सन्दकपुर गाउँपालिकाको देउरालिमा अन्तरक्रिया गरिएको।
- बालि उपचार शिविर संचालन - देउमाई नगरपालिका र सन्दकपुर गाउँपालिका कृषि विकास शाखा सँगको समन्वयमा दुबै पलिकामा १/१ पटक बालि उपचार शिविर संचालन गरीयो ।
- माईजोगमाई गाउँपालिका वडा नं. १ मा श्री निगाले कृषक समूह मार्फत ब्रोकाउली बालीमा कृषक पाठशाला कार्यक्रम मिति २०८२/१२/१४ गते समापन गरियो ।
- विभिन्न दिवसको आयोजना तथा महोत्सवमा सहभागिता कार्यक्रम अन्तर्गत मिति २०८२ चैत्र १२ र १३ गते सुर्योदय नगरपालिका १० मा आयोजना भएको प्रथम सुर्योदय पर्यटन मेला २०८२ मा सहभागि भइ आर्थिक सहयोग समेत गरीयो ।
- कोशि प्रदेश उद्योग कृषि तथा सहकारी मन्त्रालयको कृषि कर्जामा ब्याज अनुदान कार्यक्रममा सहभागि हुन आवेदन दिएका विभिन्न ६ कृषक/उद्यमिहरुको व्यवसायको अनुगमन तथा प्राविधिक उपयुक्तता अध्ययन गरीयो ।
- स्थलगत घुम्ति कृषक तालिम कार्यक्रम अन्तर्गत इलाम नगरपालिका वडा न ९ केउरेनीमा एक दिवसिय कुरिलो खेति सम्बन्धि तालिम संचालन गरियो ।
- जौविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम अन्तर्गत चुलाचुलि गाउँपालिका वडा न ०५ स्थित आपझोला प्राकृतिक श्रोत व्यवस्थापन कृषक समुह र इलाम न पा ८ स्थित सिमधारा महिला कृषक समुहमा जौविक तथा वानस्पतिक विषादि सम्बन्धि तालिम तथा विषादि तयार गर्न आवस्यक सामाग्रिहरु वितरण गरीयो ।
- सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढीकरण कार्यक्रम अन्तर्गत माईजोगमाइ गाउँपालिकाको नामसालिङ इलाम नगरपालिकाको बरबोटे तथा रोङ गाउँपालिकाको जौबारीमा १ दिवसिय सुन्तला बँगैचा ब्यवस्थापन तालिमका साथै बँगैचा ब्यवस्थापनमा आवस्यक हुने विभिन्न सामग्रिहरु ७५ प्रतिशत अनुदानमा वितरण गरियो ।
- ब्लक विकास कार्यक्रम अन्तर्गत कफि ब्लक संचालनका लागि फोकफोकथुम गाउँपालिका स्थित टेरामृदा कृषि सहकारी संस्था लिमिटेडसँग सम्झौता गरीयो ।
- बेसिक २ आलु उत्पादन अन्तर्गत करिव ४६९ कार्यदिन कामदार लगाइ ९८४६ के जि विभिन्न जातका आलु रोपण कार्य सम्पन्न गरियो ।
- फर्मका लागि कम्पोष्ट मल खरीद कार्यक्रम अन्तर्गत १०८ टयाक्टर गोठे मल तथा १७०० के जि भर्मिकम्पोष्ट खरीद गरी फर्मको विउ आलु उत्पादन स्थलमा प्रयोग गरीयो ।
- प्रि बेसिक आलु खरीद कार्यक्रम अन्तर्गत ४५०० दाना प्रि बेसिक आलु विउ आलु विकास केन्द्र निगालेबाट खरिद गरी फर्ममा रोपण गरीयो ।
- मिति २०८२/११/२१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा विभिन्न भुमिका निर्वाह गरीएको

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद**

कार्यालय प्रमुख- रविकिरण अधिकारी, वरिष्ठ बागवानी विकास अधिकृत

प्रमुख

सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी - प्रदिप लुईटेल, बागवानी विकास अधिकृत

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१ (तथा सोको पहिलो संशोधन २०८३)
- राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यविधि, २०८२
- सशर्त अनुदान कार्यक्रम कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन
- प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) नियमावली, २०८१
- राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, परियोजना दस्तावेज तथा परियोजना कार्यान्वयन म्यानुअल २०७७ अन्तर्गत ब्लक विकास कार्यक्रम संचालन कार्यविधि
- उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशले जारी गरेका विभिन्न निर्देशिका/कार्यविधि/नर्मस्/ऐन
- सिंचाई आधुनिकिकरण अभिबृद्धी आयोजना सम्बन्धि मार्गदर्शन, २०८२

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

वार्षिक विनियोजित बजेट रु ३ करोड ७० लाख १६ हजार, जस मध्य रू. ५३ लाख ५० हजार बजेट रकम रोक्का गरिएकोमा बैसाख २४ गते बजेट फूकुवाको इमेल प्राप्त भएको छ ।तेस्रो त्रैमासिक अवधिमा मात्र २२ लाख ४९ हजार बजेट खर्च भएको छ भने हालसम्म तिन वटै त्रैमासिकमा गरी रू ९६ लाख ८२ हजार ४०० खर्च भएको।

तेस्रो त्रैमासिक अवधिको कुल राजश्व संकलनः रू. ५,९१,४००/-

## १३. तोकिए बमोजिमका अन्य विवरण

- कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम संचालनमा रहेको
- कफी ब्लक संचालनको क्रममा रहेको
- फार्म व्यवस्थापन शाखा, जौबारी अन्तर्गत बीउ आलु उत्पादन गरी कृषकहरूलाई बिक्रि वितरण गर्दै आएको लगायत अन्य नियमित कार्यहरू भइरहेको

## १४. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरू

- कृषि कर्जामा ब्याज अनुदान परिचालन सम्बन्धी छलफल कार्यक्रम
- स्थलगत घुम्ती कृषक तालिम
- व्यवसायिक कृषकहरूको सिकाई आदान प्रदान अन्तरक्रिया गोष्ठी
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कायक्रम
- आकस्मिक बाली संरक्षण सेवा
- सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रम
- कृषि यन्त्र उपकरणको प्रयोग प्रदर्शन
- माटो परीक्षण शिविर संचालन तथा माटो सुधारका लागि कृषि चुन र हरियो मल प्रवर्द्धन कार्यक्रम
- उन्नत प्रविधि प्रदर्शन कार्यक्रम
- कृषि प्राविधिक/कृषक सहजकर्ताहरु मार्फत कृषक पाठशाला कार्यक्रम संचालन

प्रमुख

## १५. सार्वजनिक निकायको वेभसाइट

https://www.ilam.akc.gov.np/
https://www.facebook.com/akcilam

कोशी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, इलाम, कोशी प्रदेश, नेपाल

## १६. ज्ञान केन्द्रमा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण

नभएको

## १७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

कार्यक्रमहरू संचालन भइरहेका र मासिक, त्रैमासिक र अर्धवार्षिक प्रगति प्रतिवेदनहरू कृषि विकास निर्देशनालयलाई पठाउने गरेको

## १८. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

प्रायजसो मौखिक रुपमै सूचना माग हुने गरेकाले मौखिक रुपमा कार्यालयबाट तथा फिल्डस्तरका तालिम, प्राविधिक वार्तालाप, फिल्ड अनुगमन, गोष्ठी मार्फत् कतिपय सूचना प्रवाह हुने गरेको भने धेरैजसो टेलिफोन मार्फत पनि सूचना दिने गरेको, स्थानीय एफ एम र पत्रपत्रिकाद्वारा पनि सूचना प्रवाह गर्ने गरिएको, सामाजिक संजाल (फेसबुक) मार्फत पनि बाली विशेष प्राविधिक सूचनाहरू प्रवाह गरिएको हालसम्म लिखित रुपमा सूचना माग नभएको

विषयहरू- ब्लक विकास कार्यक्रम, फार्ममा उत्पादित बीउ आलुको विक्री सम्बन्धी सूचना, कार्यालयका नियमित कामकाजहरू, कार्यक्रम संचालन लगायत

## १९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

कार्यालय सम्बन्धी कार्यक्रमहरूको बारेमा कार्यालयमा रहेको अभिलेख बमोजिम सूचना पाउन सकिने।

- कार्यालय सम्बन्धी
- कार्यक्रम सम्बन्धी
- प्राविधिक जानकारी

## २०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः

नभएको

तयार गर्ने
प्रदिप लुईटेल
बागवानी विकास अधिकृत/सुचना अधिकारी
कृषि ज्ञान केन्द्र, इलाम

बागवानी विकास अधिकृत

प्रमाणित गर्ने
प्रमुख
रविकिरण अधिकारी
प्रमुख
कृषि ज्ञान केन्द्र, इलाम